घरपझोङ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**जोमसोम,मुस्ताङ**
गण्डकी प्रदेश, नेपाल

पत्र सख्याः ०८०/०८१
चलानी नं. ५८

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

मिति : २०८०/०४/२२

श्री वडा कार्यालयहरु (सबै),

घरपझोङ गाउँपालिका, मुस्ताङ ।

विषय : कार्यस्थलमा आधारित तालिम संचालनार्थ विवरण उपलब्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ६४६ मिति २०८०/०३/२७ को प्राप्त पत्रानुसार आर्थिक वर्ष २०८०/८१ को निर्दिष्ट क्रियाकलाप र सोको लागि विनियोजित बजेट अनुसार थप २०० स्थानीय तहको लागि ४० दिनको कार्यस्थलमा आधारित सीप विकास तालिम तथा १० दिनको जीवन उपयोगी तालिम सञ्चालन हुने भएकोले तपसिलका तालिम मध्ये कुनै दुई ट्रेडको विवरण तपसिल बमोजिमको ढाँचामा ३ दिन भित्र यस कार्यालयमा उपलब्ध गराइदिनुहुन हुन अनुरोध छ।

तपसिल

| क्र.सं. | तालिमको ट्रेड | सहभागी हुने संख्या | कैफियत |
|---|---|---|---|
| १ | सडक मर्मत तथा सम्भार | | |
| २ | सिकर्मी | | |
| ३ | डकर्मी | | |
| ४ | प्लम्बर | | |
| ५ | इलेक्ट्रिसियन | | |

2080/4/22

..............................
(गौरी प्रसाद आचार्य)
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

प.सं. ०८१।८०
च.नं./pmep/६८६

मिति: २०८०।०३।२७

श्री गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय

**(आर्थिक वर्ष २०७९/८० मा छनोट भैसकेका संलग्न २०६ र बेरोजगार सूचिकृत नभएका संलग्न १५ स्थानीय तहहरु बाहेक)**

**बिषय: कार्यस्थलमा आधारित तालिम संचालनार्थ विवरण उपलव्ध गराउने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा आर्थिक बर्ष २०७९।८० मा कार्यस्थलमा आधारित सीप विकास तालिम संचालनार्थ छनोट भएका २०६ स्थानीय तहका लागि तालिम प्रदान गर्न परामर्शदाताको छनोट प्रकृया अन्तिम चरणमा पुगेको छ । साथै आगामी आर्थिक बर्ष २०८०।८१ को लागि निर्दिष्ट क्रियाकलाप र सोको लागि विनियोजित बजेट अनुसार थप २०० स्थानीय तहको लागि ४० दिनको कार्यस्थलमा आधारित सीप विकास तालिम तथा १० दिनको जीवन उपयोगी तालिम सञ्चालन हुने व्यहोरा अनुरोध छ ।निम्नानुसार संचालन हुने उक्त तालिम संचालन गर्न इच्छुक स्थानीय तहले तालिमका **दुई ट्रेडको** विवरण तपसिल बमोजिमको ढाँचामा १५ दिन भित्र उपलब्ध गराइदिनुहुन अनुरोध छ:

१. **तालिमका ट्रेड**: सडक मर्मत तथा सम्भार, सिकर्मी, डकर्मी, प्लम्बर र ईलेक्ट्रिसियन (५ वटा)
२. **एउटा स्थानीय तहमा संचालन हुने तालिम** : २ वटा ट्रेड र १० दिनको जीवन उपयोगी तालिम ।
३. **तालिममा सहभागी संख्या** : ४० जना (एक स्थानीय तहबाट २ वटा ट्रेडमध्ये एक ट्रेडमा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सूचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट अधिकतम २५ जना सम्म)
४. **तालिम प्रदायक संस्था** : कार्यक्रम कार्यान्वयन इकाईले छनौट गरि पठाउने ।
५. **तालिमका सहभागीको खर्च**: युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट उपलब्ध गराईएको रोजगारी सृजनाको बजेटबाट ५० दिन बराबरको ज्याला रकम संचित गरी भुक्तानी गर्नुपर्ने ।

तपसिल

| क्र.सं. | तालिमको ट्रेड | सहभागी हुने संख्या | कैफियत |
|---|---|---|---|
| १ | सडक मर्मत तथा सम्भार | | |
| २ | सिकर्मी | | |
| ३ | डकर्मी | | |
| ४ | प्लम्बर | | |
| ५ | इलेक्ट्रिसियन | | |

पुनश्च: स्थानीय तहबाट विवरण प्राप्त भए पश्चात तालिम संचालनार्थ छनौट भएका स्थानीय तहहरुको विवरण उपलब्ध गराईनेछ ।

घरपझोङ गाउँ ... को कार्यालय
जोमसोम, मुस्ताङ
दर्ता नं.: ९८
मिति: २०८०।४।११

(जीवन कुमार घिमिरे)
शाखा अधिकृत